"पर्यटन प्रर्वद्धन पूर्वाधार, गरिवी निवारणको आधार"

# गिडीदह सम्मेलन २ वर्षे अवधिको







# प्रगति सार्वजनिक कार्यक्रम

आयोजक

**२०८१ असार २९ गते**

**जुम्ला बजार**

**तातोपानी गाउँपालिका**

**४ नं. वडा कार्यालय, जुम्ला**




पर्यटन क्षेत्रको विकास, गरिवी निवारणको *आधार*
गिडिदह, जुम्ला
गिडीदह प्रगति प्रतिवेदन सार्वजनिक कार्यक्रम
२९ असार २०८१
जुम्ला बजार
प्रस्तुतकर्ता
अमर बहादुर रोकाया
वडा अध्यक्ष
आयोजक
तातोपानी गाउँपालिका वडा नं ४
जुम्ला

## *प्रस्तुतिका विषयवस्तुहरुः*

- **गिडीदहः** सामान्य परिचय
- हालसम्म गरिएका कार्यहरू
- आवश्यक पूर्वाधार
- अवसर र चुनौती
- मिडियामा गिडीदह
- फोटो

# गाउँपालिका र ४ नं वडाको भौगोलिक नक्सा






४ नं वडाको  भौगोलिक नक्सा

# ४ नं वडाको सामान्य परिचय

❖भौगोलिक र जनसंख्याका हिसाबले ठुलो वडा

❖धार्मीक एंव पर्यटकिय सम्भावना बोकेको एक उत्कृष्ट क्षेत्र

❖जनसंख्या २९२४

❖घरधुरी संख्याः ५६४

❖क्षेत्रफलः १२५ वर्ग किमि

❖विष्टज्यु, ठाकुरज्यु, मष्टो देवता, गणेश गुफा, शिव भण्डार वन

❖विद्यालय संख्याः ५ (१ मावि ४ आवि),
स्वास्थ्य चौकी - १

❖६ वटा सुन्दर वस्तीले सुसज्जित वडा (हाँकु, पाण्डेवाडा, गिडीखोला, नियापानी, गौतमवाडा, जयतपुर )

❖फलफुल खेतिको उच्च सम्भावना, प्रशस्त खेतियोग्य जमिनको उपलब्धता र बाक्लो वन क्षेत्र

# गिडीदह: सामान्य परिचय




तातोपानी गाउँपालिका जुम्लाको वडा नं ४ को शिरानमा अवस्थित गिडीदह जिल्लाकै उत्कृष्ट पर्यटकिय तथा धार्मिक गन्तव्य हो।

समुन्द्री सतह देखि करिब ३४८५ मिटरमा अबस्थित यस दह सम्मको दुरी अनुमानित २९ किलोमिटर छ जुन कर्णाली राजमार्ग ऐरेनी देखि ताल सम्मको निकासा सम्मको दुरी समावेश छ। बटुको (कचौरा) आकारमा रहेको यस दहको आफ्नै महत्व छ र यो दह दुई भागमा विभक्त छ। धार्मीक एंव पर्या पर्यटकिय महत्व बोकेको यस दहलाई चारैतिर बाट विभिन्न पाटन क्षेत्र, चरन तथा वन क्षेत्र, विभिन्न दह र देवीदेवताका मठमन्दिरले घेरेका छन्। फुल्चाउले, लामाचौर, माझपाटन बजेडी, लसुनबारी, विष्टज्यु, ठाकुरज्यु, नानाहाँका, धप्के पुनाली आदि यस क्षेत्रका प्रमुख पाटन तथा धार्मीक क्षेत्रहरु हुन।

## ***Continued…….***

विष्टज्यु, बजेडी खोला, दुधवाडी खोला र दह भित्रकै मुलहरु यस दहको पानीको मुख्य स्रोतहरु हुन। दहलाई चारैतिरबाट हरियाली जंगलले ढाकेको छ र विभिन्न प्रजातीका जडिबुटी, बोटविरुवा र पशुपंक्षीले यस क्षेत्रको थप सुन्दरतालाई बढवा दिएका छन्। पर्यटकिय दृष्ट्रिकोणले मात्र नभई यस क्षेत्र स्थानीय नागरिकहरुको आर्थिक आयस्रोतको मुख्य मेरुदण्डको रुपमा रहेको छ।




यसका साथै यस दह क्षेत्र वरपर पाईने लोपोन्मुख प्रजाती रेडपाण्डा, कस्तुरी, घोरल, थार, बाघ, भालु, ब्वासो लगायतका जंगली जनावरले यस क्षेत्रको सुन्दरतालाई अझै बढाएको पाईन्छ। यसका अलवा विभिन्न प्रजातीका जडिबुटी र बोट विरुवा पर्यटकका लागि आकर्षक वस्तुहरु हुन।

# हालसम्म गरिएका प्रयासहरु:

## १. गिडिदह सम्मेलन, २०७९





Sunday, September 25, 2022

THE RISING NEPAL

GOVT TO ENFORCE TIME-CARD FOR VEHICLES

IMPLEMENTATION OF INTL ACCORDS KEY TO PROVIDE RELIEF TO LDCS: PAUDYAL

With surge in dengue cases, fear grips people across country

Dr. KC ends hunger strike, 10-point deal signed

Jumla's Gidhi Lake: Scenic but unnoticed

जुम्ला जिल्लाकै ठुलो तालको रुपमा परिचय बनाए पनि गिडीदहले राष्ट्रिय स्तरमा खासै चर्चा पाएको थिएन। पर्यटकिय क्षेत्र मात्र नभई आर्थिक विकासको समेत महत्व बोकेको यस तालको संरक्षण र प्रवर्द्धन मार्फत प्रचार प्रसारमार्फत प्रमुख प्रर्यटकिय गन्तव्य निर्माण गर्न अ.ब. ०७९।०८० मा वडा समानिकरण शिर्षक बजेट रू ४ लाख बाट २०७९ साल असोज ४ देखि ६ गते सम्म गिडिदह सम्मेलनको आयोजना गरिएको थियो। तातोपानी गाउँपालिका संगको समन्वय तथा साझेदारीमा आयोजना गरिएको सम्मेलनमा जनप्रतिनिधि, कर्मचारी, पत्रकार, पर्यटन व्यावसायी तथा स्थानीय लगायत ८४ जनाको सहभागिता रहेको थियो । यस सम्मेलनले गिडिदह घोषणा पत्र समेत सार्वजनिक गरेको थियो। यस सम्मेलन पश्चात गिडीदहले राष्ट्रिय तथा अन्तराष्ट्रिय मिडियामा चर्चा बटुल्दै आएको छ।

**खर्च विवरण**

१. सम्मेलन व्यवस्थापन रू ३ लाख ७५ हजार

२. भिडियो डकुमेन्टी रू २५ हजार।

## २. तालको नापजाँच, २०७९

जिल्लाको मात्र नभई देशकै प्रमुख पर्यटकिय गन्तव्य भएपनि हाल सम्म यस तालको चौडाई, गहिराई तथा उचाईका सम्बन्धमा आधिकारिक तथ्यांक कसैसंग नभएकाले उक्त कार्य गर्न नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय ताल संरक्षण विकास समिति काठमाण्डौबाट अ.ब. रु ५ लाख र तातोपानी गाउँपालिका जुम्लाको अ.ब. ०७९।८० बाट रु ९ लाख गरि जम्मा १४ लाख रुपैंया विनियोजन गरिएको थियो र सो कार्यको जिम्मा काठमाण्डौ विश्वविद्यालयका विज्ञ समुहलाई दिईएको थियो । हाल सो तालको नापजाँच कार्य सम्पन्न भई प्रतिवेदन सार्वजनिक भै सकेका छ ।






**प्राप्त रिपोट अनुसार**

लम्वाइ , १५१० मीटर

चैडाइ , ३१० मीटर

गहिराइ, ४२.८ मीटर

*CONTINUED……*

## ३. पदमार्ग निर्माण



पर्यटकहरुको आवत जावतमा सहजताका लागि आ.व. ०८०।०८१ मा गिडिदह धर्मशाला देखी पाटन सम्म करिब ५३ सय मिटर पदमार्गको निर्माण कार्य सम्पन्न भएको छ।

उक्त पदमार्ग निर्माण कार्यका तातोपानी गाउँपालिका बाट आ.व. ०८०।०८१ मा रु ७ लाख २५ हजार रुपैंया विनियोजन गरिएको थियो। ५३ सय मिटर लामे पदमार्ग निर्माण संगै अस्थायी प्रकृतिका काठका पुल समेत निर्माण भएको छ जसले पर्यटकलाई मात्र नभई स्थानीयहरुको समेत यात्रामा सहजता आएको छ। उक्त निर्माण कार्य गिडिदह धर्मशाला देखी पाटन सम्म पदमार्ग निमाण उ.स. तातेपानी ४ संलग्न छ। उक्त उ.स. का अध्यक्ष श्री कोरव पान्डे रहनु भएको थिया।

- सम्झोला रकम रू, ७ लाख २५ हजार
- भक्तानी रकम रू, ५ लाख ६० हजार मात्र।



नयाँ पत्रिका आइतबार ३ मंसिर ०८० www.nayapatrikadaily.com

# जुम्लाको गिडीदह पुग्ने पदमार्ग निर्माण

जुम्लामा मानदत्त रावल

जुम्लाको सबैभन्दा ठूलो गिडीदह (ताल) पुग्न पदमार्ग निर्माण गरिएको छ। तातोपानी गाउँपालिका- ४ मा अवस्थित गिडीताल समुद्री सतहदेखि तीन हजार चार सय ८२ मिटर उचाइमा छ। पहाडै-पहाडको खोँचमा रहेको ताल जंगलले ढाकिएको छ भने मानवबस्तीदेखि निकै टाढा पाटन क्षेत्रमा ६ महिना हिउँ जम्ने गर्छ। गुमनाम यो तालमा गत वर्ष असोजमा तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंको नेतृत्वमा पहिलोपटक स्थानीय सरकारको टोली पुगेको थियो। भविष्यमा धेरै पर्यटक भित्र्याउने लक्ष्यसहित पदमार्गलगायत पर्यटन प्रवर्द्धनको काम अघि बढाइएको वडाध्यक्ष अमर रोकायाले बताए। 'दह-किनारमा निर्मित धर्मशालादेखि ३५ सय मिटर पदमार्ग निर्माण गरिएपछि सहज भएको छ। 'गाउँपालिकाले सहयोग गरेपछि स्थानीय युवाहरूले उपभोक्ता समिति बनाएर पदमार्गको काम गरेका छन्,' उनले थपे, '१० दिन लगातार काम गरेपछि पदमार्ग निर्माण भएको हो। अब आन्तरिक र बाह्य पर्यटक गिडीदह पुग्न कुनै समस्या छैन।'

स्थानीय युवा कौरव पाण्डेको नेतृत्वमा गिडीदहमा धर्मशालादेखि पाटनसम्म पर्यटन पदमार्ग निर्माण गरिएको हो। पालिकाले आन्तरिक स्रोतबाट सात लाख २५ हजार रकम पदमार्ग निर्माणका लागि विनियोजन गरेको थियो। तातोपानी-४ को आग्रहमा ताल विकास बोर्डको टोली आएर पनि गिडीदहको अवस्था अध्ययन गरेर गएको छ। टोलीले तालमै न्यापिङ गरेको थियो। लम्बाइ, चौडाइ र उचाइ नाप्ने कामसमेत सकिएको छ। टोलीले गिडीदहमा पाइने जीवदेखि तालवरिपरि भेटिएका हरेक वस्तुको अध्ययन गरेको जनाइएको छ।

'तालमा नयाँ प्रजातिको जीव भेटिएकाले ल्याब टेस्ट गर्न देशबाहिर पठाइएको छ। त्यसैले प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ भइरहेको छ,' वडाध्यक्ष रोकायाले भने। पदमार्गको बीचमा आवासदेखि खानपानको व्यवस्था गर्नसमेत पहल भइरहेको उनले बताए। ताल निकै नीलो र गहिरो छ। भूगोलविद् स्वर्गीय डा. हर्क गुरुङले विसं ०३०/३१ सालतिर सो तालसम्म जाने प्रयास गरेका थिए। तर, पदमार्गसमेत नहुँदा उनी पुग्न सकेनन्। करिब चार-पाँच दिनको चिसो, उकालो र पाटन क्षेत्रको यात्रा पार गरेपछि मात्रै त्यहाँ पुगिन्छ। ब्लडप्रेसर, दमलगायतका दीर्घरोगीलाई हाई अल्टिच्युड लाग्ने खतरा हुने भएकाले उनीहरूले यात्रापूर्व नै ध्यान पुर्‍याउनुपर्ने देखिन्छ। हिउँदको ६ महिना हिउँ जम्ने भएकाले त्यो तालमा बर्खायाममा मात्रै यात्रा गर्न मिल्छ।

त्यो तालमा पानी पश्चिमतिरबाट बगेर आउँछ। तालबाट बगेर जाने पानी गिडी खोलामा मिसिन्छ। तालबाटै खोलाको नामकरण भएको ठानिन्छ। जो गिडी खोला जुम्लाका कैयौं ठाउँ छिचोल्दै तिला नदीमा पुगेर मिसिन्छ, त्यो तालबाट बगेर आएको पानी किसानका खेतसम्म पुग्छ। गिडी तालआसपास बजेडी, लसुनवारी, ठाकुरज्यू, विष्टज्यू, नाना हाँक, ठूला हाँक, दुनी, पुनाली, धप्के, धौलीगाड, हणन्या, गुइया दुला, भुसी, पत्यौडलगायतका दुई दर्जन पाटन छन्। यो तालको छेउछाउमा ठाकुरज्यू दह, विष्टज्यू दह, नदै दह, शंख, पाले दह, राक्षस दह, खानी दह, ढाण दह, लडे दह, घोडापाइला दह, जोगिनी दहजस्ता दर्जनौं अन्य स-साना दहसमेत छन्।

गिडीदहआसपास झन्डै दुई दर्जन विभिन्न प्रजातिका वन्यजन्तु र लोपोन्मुख पक्षी पाइन्छन्। कस्तुरी, रेडपान्डा, घोरल, थार, बाघ, भालु, रतुवाजस्ता जनावर र डाँफे, कालिज, फ्याउ, ढुकुरजस्ता पक्षीसमेत यसै क्षेत्रमा पाइन्छन्। यार्चागुम्बा, जटामसी, पाँचऔंले, खिरौलो, पदमचाल, भूतकेश, शिलाजितजस्ता सयौं प्रकारका जडीबुटी पनि पाइन्छन्।

*CONTINUED*……

## ४. गिडीदह प्रवर्द्धन कार्यक्रम, २०८०

प्रचार प्रसार मार्फत गिडिदहको प्रवर्द्धन गरी आन्तरिक एंव बाह्य पर्यटकहरुलाई गिडीदह बारेको सूचना सहज रुपमा प्राप्त गरुन भन्ने उद्देश्यले अ.ब.०८०।०८१ को बजेट रू २ लाख ५० हजार बाट निम्न कार्रयहरू भएका हुन् ।

- विभिन्न १८ स्थानहरु (एरेनी, हाँकु, गिडिखोला, भलखोला, फुलचैल्या, कालिका मन्दिर, लामाचोर, सानी काध, डन्डमा काध, दुधवाडी, नेटा, डिगिदह लल्लो भागमा, निकाशा क्षेत्रमा र गिडिदह धर्मशालामा सूचना पार्टी (Information Board) को स्थापना भएका छन् ।
- ५०० थान गिडीदह अंकित मायाको चिनो निर्माण गरिएको छ ।



















*CONTINUED……*

## ५. गिडिखोला, भलखोला, फुल्च्याउले लामाचौर , गिडिदह जाने सडक डिपीआर:

**बजेट रु: १० लाख**






गिडीदह पर्यटकीय क्षेत्रको प्रवेश मार्ग गिडिखोलाको भलखोला, फुलचउल्या हुदै लामाचउर सम्म २० कि.मि. गाडीबाटो निर्माणको लागि बजेट व्यवस्थापन, योजना तर्जुमा पुर्व प्रस्तावित सडकको डिपीआर गर्नुपर्ने भएकोले अ.ब. ०८०।०८१ मा गाँउपालिका बाट बजेट रू १० लाख बिनियोजन गरि सार्वजनिक सुचना अबहान गरि प्रस्ताव लिइ प्राप्त प्रस्तावहरू मध्ये योग्य प्रस्तावक श्री मुन लाइट इन्जिनियरिड. कन्सलटेन्सी, सुर्खेत छनोट भएको।

### कामको विवरण

- गिडिखोलाको भलखोला, फुलचउल्या हुदै लामाचउर प्रस्तावित २० मीटर सडक बाटो
- संलग्न कम्पनी, श्री मुन लाइट इन्जिनियरिड. कन्सलटेन्सी, सुर्खेत।
- भुक्तानि रकम रू  १० लाख (कन्टेजेन्सी समेत)

*CONTINUED……*

## ६. वातावरणीय प्रभाव मुल्यांकन (IEE) :

बिनीयोजित बजेट रू ७ लाख ।

**गिडिखोला, भलखोला, फुलचउल्या, सडक निर्माण पुर्व उत्त २० कि.मि. सडक बाटोको वातवरणीय प्रभाव मुल्याँकन (IEE) गनुपर्ने भएकोले सो कार्यका लागि तातोपानी गाउपालिका बाट अ.ब ०८०।०८१ मा बिनियोजन भएको रकम रू ७ लाख बाट (IEE) गर्ने श्री राइनास कन्टक्सन एण्ड कन्सलटेन्सी प्रा.लि. काठमाण्डु म.न.पा. १० को प्रस्ताव स्विकृत भइ उत्त कम्पनीले स्थलगत अध्यायन, परिक्षण को कार्य पुरा गरि सकेकोमा श्री कर्णाली प्रदेस सरकार उद्रधोग वन तथा वातावरण बाट अनुमती प्राप्त भइ नसकेके कारण प्रतिवेदनले पुर्णता पाउन नसकी सो कामको भत्तानी हुन सकेके छैन । उत्त बजेट अ.ब ०८१।०८२ का लागि म्याद थप भएको छ ।**





## ७. गिडीदह धर्मशाला निर्माणः

**बजेट रुः १० लाख**



**तातोपानी गाउपालिका र वडा नं ४ को प्रस्तावमा श्री कर्णाली प्रदेश सरकार, उद्दघोग बन तथा वातावरण मन्त्रालयबाट अ.ब.०८०।०८१ मा बजेट रू १५ लाख स्विकृत भइ श्री डिभिजन बन कार्यालय जुम्लामा अख्तियारी प्राप्त भएको गिडिदह प्रर्वद्रन योजनाबाट गिडिदह क्षेत्रमा १५।३६ फिट नाप भएको धर्मशाला, खानेपानी र शैचालय निर्माण गरिएको छ।**

**निर्माण कार्यमा संलग्न उपभोत्ता समिति**

- **गिडिदह पर्यटन क्षेत्र विकास उपभोत्ता समिति, तातोपानी ४ गिडिखोला जुम्ला**
- **अध्यक्ष, श्री कोरव पाण्डे।**
- **कार्रय सम्पन्न मिति ८ असार २०८१**
- **भुत्तानी रकम रू ९ लाख ५० हजार**

### गिडिदह प्रवर्द्धन गर्न पूर्वाधार निर्माण



सागर परियार

जुम्ला- कर्णाली प्रदेशको नयाँ पर्यटकीय गन्तव्य गिडिदहको पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माणमा गति थालिएको छ। वर्षौंदेखि गुमनाम पर्यटकीय क्षेत्र गिडिदहको प्रवर्द्धनका लागि गत वर्ष तातोपानी गाउँपालिकाको सरकारी टोली पुगेर गिडिदह सम्मेलन गरेको थियो।

सम्मेलनपछि गिडिदहको प्रवर्द्धनका लागि निरन्तर पहल गर्दै तातोपानीले गिडिदहसम्म पुग्ने पदमार्ग, सडक तथा धर्मशाला निर्माणलगायतका पूर्वाधार निर्माणमा जोड दिएको छ। पूर्वाधार अभाव प्रचार प्रसार अभावमा ओझेलमा परेको गिडिदहमा पछिल्लो समय आन्तरिक पर्यटकको भीड लाग्न थालेको हो। युवा, कर्मचारीलगायत अन्य स्थानीय समूह बनाएर गिडिदह अवलोकन गर्न जान थालेका छन्।

गिडिदहमा आन्तरिक पर्यटकको आकर्षण बढेपछि पालिकाको लगानीमा विभिन्न पूर्वाधार निर्माण भएका छन्। केही समयअघि गिडिदहसम्म पुग्न बाटो नै थिएन। पालिकाको लगानीमा हालसम्म पदमार्ग निर्माण भई आवतजावतमा सहज भएको छ भने गिडिदहको क्षेत्रमा हाल धर्मशाला र मैत्रीपूर्ण शौचालय निर्माण गरिएको छ। यसअघि गएका पर्यटक टेण्ट हालेर बस्नुपर्ने अवस्था थियो। वर्षा हुँदा निकै समस्या हुन्थ्यो भने दिसा पिसाब गर्न पनि उत्ति मुस्किल थियो।

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशकोको १० लाख र जनश्रमदान २ लाख गरी १२ लाख लगानीमा गिडिदह क्षेत्रमा धर्मशाला निर्माण भएको तातोपानी गाउँपालिका-४ का अध्यक्ष अम्मरबहादुर रोकायाले बताए। उनका अनुसार उक्त धर्मशालामा कम्तीमा पनि ३५ जना बस्न मिल्ने छ। तातोपानी ४ र डिभिजन वन कार्यालयको द्विपक्षीय सम्झौताअनुसार धर्मशाला, वातावरणमैत्री शौचालय र खानेपानी धारासमेत निर्माण गरिएको उनको भनाइ छ।

गिडिदह अवलोकनसँगै निर्माण भएका पूर्वाधारको निरिक्षणका लागि बडा कार्यालयको अगुवाइमा गएको सरकारी टोली गिडिदह पुगेर फर्किएको छ। पहिलो पटक गिडिदह पुगेको तातोपानीका प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतले गिडिदह पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको र निकै रमणीय क्षेत्र रहेको बताए। उनले भने, 'गिडिदह तातोपानी मात्र नभई जुम्लाकै समृद्धिको आधार हो। यसको प्रचार प्रसारदेखि पर्यटकको सहज आवागमन र बसाइ व्यवस्थापनका लागि पूर्वाधार निर्माण सबैको पहल जरुरी देखिन्छ।'

त्यसैगरी तातोपानीकै स्वास्थ्य शाखा प्रमुख गुरुप्रसाद चौलागाईं दोस्रो पटक गिडिदह पुगेका हुन्। पहिलो पटक जाँदा हिँड्ने बाटोदेखि बस्ने स्थानको सास्ती खेपेको अनुभव सुनाउँदै दोस्रो पटक जाँदा हिँड्ने बाटोदेखि बस्ने बास र शौचालय धाराको व्यवस्थापनले बसाइ र घुमाइ सहज भएको बताउँछन्। जिल्लाकै समृद्धिका लागि गिडिदहको प्रवर्द्धनमा एकजुट भएर लगानी जुटाउन र पूर्वाधार निर्माणमा हातेमालो गर्न जरुरी रहेको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंको भनाइ छ।

दुईवटा ताल रहेको उक्त दहमा सानो र ठूलो दहको गरी कुल लम्बाइ १५ सय १० मिटर रहेको छ। जसमा ठूलो दह (तालको) लम्बाइ एक हजार ६० मिटर, चौडाइ ३१० मिटर, गहिराइ ४३.२ मिटर रहेको छ। त्यस्तै गिडिदहकै सानो दह( तालको) लम्बाइ ४५० मिटर, चौडाइ २१० मिटर,र गहिराइ २१.७ मिटर रहेको छ।

समग्र गिडिदह क्षेत्र २९.११ हेक्टर क्षेत्रफलमा फैलिएको छ भने राष्ट्रिय महत्व बोकेका १८ प्रकारका चरा, सातवटा स्तनधारी जनावर, ७४ वटा चराचुरुंगी रहेका छन्। गिडिदहको क्षेत्रफल केही महिनाअघि मात्र सार्वजनिक भएको हो।

# आ.ब.०८१।०८२ का लागि स्विकृत भएका कार्यक्रम तथा योजनाहरू

| क्र. स | स्विकृत योजना तथा कार्यक्रमहरू | स्विकृत बजेट रू | बजेट स्विकृत गर्ने सरकार |
|---|---|---|---|
| १ | गिडिदह पर्यटन पदमार्ग निर्माण, तातोपानी ४ जुम्ला | ९० लाख | संघिय सरकार अ.ब.०८१।०८२ बजेट संकेत नं (कोर्ड) ११.४.२२.१४९९३ |
| २ | गिडिदह पर्यटन क्षेत्र प्रर्बद्धन विकास पुर्वाधार निर्माण, तातोपानी ४ जुम्ला | १५ लाख | कर्णाली प्रदेश सरकार, बजेट उपशिर्षक नं ३०७०२९०३ (डिभिजन बन कार्यालय जुम्ला) |
| ३ | गिडिदह झो.पु. तातोपानी ४ जुम्ला | १५ लाख | कर्णाली प्रदेश सरकार बजेट उपशिषक नं ३३७०१९०२ (पुर्वाधार विकास कार्यालय जुम्ला |
| ४ | गिडिदह पर्यावरणिय सम्मेलन २०८१ | ४ लाख | तातोपानी गाउपालिका वडा बजेट शिषक वडा नं ४ |

# अत्यावश्यक पुर्वाधारहरू

- हाँकु पक्की पुल निर्माण- १ (करिब ४५ मिटर)
- पाण्डवाडा गिडिखोला नदिमा बेलीबृज- (करिब ३० मिटर)
- ऐरेनी देखि भलखोला फुलचौले लामाचौर सम्म सडक निर्माण (२० कि.मि.)
- फुलचउल्या लामाचउर पाटन क्षेत्रमा स्वच्छ खानेपानीको व्यवस्था
- सुविधायुक्त धर्मशाला निर्माण (फुलचउल्या )
- सञ्चार सुविधाका लागि मोबाईल टावर र ईन्टरनेटको व्यवस्था
- गिडीदह भ्युटावर

# अवसर र चुनौती:







✓जिल्लाकै एक उत्कृष्ट पर्यटकिय गन्तव्य,

✓आर्थिक विकासको मेरुदण्ड ।

✓रोजगारी सृजना हुने ।

✓पर्यटन प्रवर्द्धन एंव पर्यटकको संख्यामा वृद्धि हुन सक्ने ।

✓स्थानीयको आयस्रोतमा वृद्धि हुने ।

✓प्रचार प्रसारको माध्यमबाट तातोपानी गाँउपालिका र जुम्ला जिल्लाको चिनारी र पहिचानमा थप सहयोग पुग्ने

- भौतिक पूर्वाधारको अभाव ( सडक बाटो, होटेल, टेलिफोन सेवा आदि),
- पालिकाको बजेटले सबै पुर्वाधारहरू निर्माण गर्न नसकिनु
- पर्यटनमैत्री संरचना निर्माणमा कठिनाई,
- जुम्लाका सरोकारवालाहरूले अपनत्व ग्रहण गर्न नसक्नु ।
- वातावरणिय प्रभाव मुल्याक गर्न  कार्यका लागि बन कार्यालयले अनुमती दिन नमान्नु ।

# गिडीदह सम्मेलन र मिडियाहरू


नयाँ पत्रिका
www.nayapatrikadaily.com

## जुम्लाको गिडीदह पुग्ने पदमार्ग निर्माण



## गिडीदहमा पर्यटक भित्र्याउन पदमार्ग बनाइँदै


www.sajhabisaunee.com
साझा बिसौनी | 3

## पर्यटकीय गन्तव्य गिडीदह


THE RISING NEPAL

GOVT TO ENFORCE TIME-CARD FOR VEHICLES

IMPLEMENTATION OF INTL ACCORDS KEY TO PROVIDE RELIEF TO LDCS: PAUDYAL

With surge in dengue cases, fear grips people across country


Dr. KC ends hunger strike, 10-point deal signed


Jumla's Gidhi Lake: Scenic but unnoticed



corepati.com

राज्यवाट गुमनाम गिडिदहमा पहिलो पटक सरकारी टोली



ekantipur.com

जंगलको बीचमा गिडीदह, जहाँ पुग्ने बाटो छैन

Share



risingnepaldaily.com

Jumla's Gidhi Lake: Scenic but unnoticed

# गिडिदह सम्मेलन २०७९























# गिडिदह नापँजाच









# पदमार्ग निर्माण









# DPR Photo








Tatopani Rural Municipality
Office of Rural Municipal Executive
Karnali Province
Jumla, Nepal
DETAIL ENGINEERING SURVEY, DESIGN DRAWING AND COST ESTIMATE OF HANKU SANGU GIDDIKHOLA BHALKHOLA FULCHAULE LAMA CHAUR SADAK
Submitted By:
Moonlight Engineering and Research Consultancy Pvt. Ltd
Birendranagar, Surkhet
Nepal
Drawing Title:
Topo Map
Scale: 1:35,000
Influencing Province
Influencing district with Province
Influencing Local bodies with district
JUMLA
LEGEND
Alignment
Tatopani
Sheet Index
N
S
E
W
Km







# गिडीदह प्रवर्द्धन कार्यक्रम, २०८० (कृयाकलाप नं १)




















# गिडीदह प्रवर्द्धन कार्यक्रम, २०८०(कृयाकलाप नं २)

















# गिडीदह प्रवर्द्धन कार्यक्रम २०८०, (कृयाकलाप नं ३)


## गिडीदहको फोटो अंकित मायाको चिनो निर्माण









# गिडीदह धर्मशाला निर्माण (बजेट  डिभजन बन कार्यालय जुम्ला)









# थप पत्रपत्रिकाहरूमा प्रकाशित समाचारहरू



## गिडिदह प्रवर्द्धन गर्न पूर्वाधार निर्माण



नयाँ पत्रिका

www.nayapatrikadaily.com

## जुम्लाको गिडीदह पुग्ने पदमार्ग निर्माण



कारोवार दैनिक,

## गिडिदहमा पर्यटक भित्र्याउन पूर्वाधारकै खाँचो






युगआह्वान

yugnews.com

### कर्णालीमा ९ हजार घरधुरी शौचालय विहिन

### गिडीदह पुग्न पर्यटकीय पदमार्ग निर्माण

### कर्णालीका युवा स्वरोजगारबाट आत्मनिर्भर बन्ने सुवर्ण अवसर



सौराइ

## कर्णालीको अर्को गन्तव्य: गिडीदह



धैर्यताको लागि धन्यवाद

नमस्ते